# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

२७ कार्तिक २०७०

# निर्वाचन अनुगमन-प्रारम्भिक प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभा सदस्य निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न हुने कुराको सुनिश्चितता गर्न निर्वाचन अघि, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्न विशेष योजना बनाई अनुगमन कार्यलाई तीव्रता दिएको छ । अहिले पनि आयोगका कर्मचारीहरू सम्मिलित अनुगमन टोलीहरू विभिन्न जिल्लामा खटिएर अनुगमन कार्य गरिरहेका छन् । आयोगले देशका पचहत्तरै जिल्लामा निर्वाचनका तीनवटै चरणको अनुगमन गर्ने योजनाका साथ कार्य गरिरहेको छ । यस क्रममा आयोगबाट निम्नअनुसारका कार्यहरू सम्पादन भइसकेका छन्:

- आयोगका अनुगमन टोलीले संविधानसभा सदस्यको मनोनयनको क्रममा ३१ वटा जिल्लामा स्थलगत अनुगमन गरेको थियो ।
- निर्वाचन निष्पक्ष र भयरहित होस भन्ने उद्देश्यले विभिन्न सन्दर्भहरूमा नौवटा प्रेस विज्ञप्ति (एउटा प्रेस नोट सहित) जारी गरिएको छ ।
- हालसम्म देशका ७० वटा (संखुवासभा, सोलु, दैलेख, जाजरकोट र सुर्खेत बाहेक) जिल्लामा आयोगको टोलीले मानव अधिकार अवस्थाको बारेमा अनुगमन गरी तथ्यहरू संकलन गरिरहेको छ ।
- निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल एवम् पर्यवेक्षण कार्यमा संलग्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूबीच समन्वय र सहकार्य भइरहेको छ ।

**अनुगमनबाट हालसम्म प्राप्त भएका तथ्यहरू**

- हालसम्मको अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरू एवम् उम्मेदवारहरूले प्रयोग गरेका सवारी साधनहरूमा आक्रमण गर्ने, आगजनी गर्ने, तोडफोड गर्ने घटना अधिक मात्रामा भइरहेको पाइएको छ ।
- उम्मेदवारहरूले आयोजना गरेका सभा एवम् राजनीतिक चुनावी अभियानको क्रममा आक्रमण गर्ने तथा बम समेत प्रहार भएका घटनाहरू एवम् बन्द तथा आमहड्तालको आयोजना गर्ने कार्यले स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने अधिकारलाई कुण्ठित गर्ने अवस्था पैदा गरेको पाइएको छ ।
- सार्वजनिक सवारी साधनहरूमा सर्वसाधारणलाई लक्ष्यित गरी आगजनी एवम बम प्रहारका घटनाहरू भएका छन्

प.सं.
च. नं.

- शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी बनाउन खोजिए पनि जनमानसमा भय र त्रासको वातावरण सिर्जना भएको पाइएको छ ।
- राजनीतिक दलका नेता एवम् उम्मेदवारको हत्या गर्ने उनीहरूको घरमा आगजनी गर्ने, बम राख्नेजस्ता घटनाले शान्तिपूर्ण वातावरणमा निर्भयपूर्वक निर्वाचनसम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने तथा निर्वाचित हुन पाउने अधिकार समेत प्रभावित भएको पाइएको छ ।
- कतिपय जिल्लामा निर्वाचनको बहिष्कारको आह्वान गरेका दलहरूले निर्वाचन आयोग तथा राजनीतिक दलहरूका प्रचार सामग्रीहरू लुटेको तथा जलाइएको पाइएको छ ।
- तराइ-मधेशका कतिपय जिल्लाहरूमा  मूलतः मधेशी महिलाहरूमा प्रभावकारी रूपमा मतदाता शिक्षा नपुगेको पाइएको छ ।
- निर्वाचनको क्रममा राजनीतिक दलहरु एवम् उम्मेवारहरुले बालबालिकालाई प्रयोग भएको पाइएको छ । धादिङ, धनकुटा, डोटी, मुगुलगायतका जिल्लामा बालबालिकाहरूको प्रयोग भएको प्रतिवेदनहरू प्राप्त भएका छन् । यस सम्बन्धमा आयोगले सम्बन्धित पक्षहरूको ध्यानाकर्षण गराएको छ ।
- निर्वाचन प्रचारको क्रममा तेह्रथुम, ताप्लेजुङमा भएको घटना तथा ३३ दलीय मोर्चाले आयोजना गरेको यातायात बन्दको क्रममा ललितपुरको कुमारीपाटीमा भएको बम प्रहारको घटनामा बालबालिका समेत घाइते भएकोप्रति आयोगको विशेष रूपमा ध्यानाकर्षण भएको छ ।
- देशको कूल जनसंख्या एवम् मतादाता संख्या पुरुषको तुलनामा महिलाको बढी भएको भए पनि अधिकांश जिल्लाहरूमा महिला उम्मेदवारको संख्या पुरुषहरूको तुलनामा निकै न्यून रहेको पाइएको छ । यसबाट संविधानसभामा महिलाहरुको न्यून उपस्थिति हुने स्थिति रहेको छ ।
- उपल्लो मुस्ताङलगायत केही उच्च हिमाली क्षेत्रहरूमा हिउँपर्ने क्रम शुरु भएकाले त्यहाँ बसोबास गर्ने मतदाताहरू तल झर्ने क्रम बढेकाले मंसिर ४ मा हुने निर्वाचनमा ती मतदाताहरूमतदानको अधिकारबाट बञ्चित हुने खतरा बढेको छ ।
- सिन्धुपाल्चोक जिल्लाको तीनवटा गाविसमा मतदाताहरूले चार घण्टा हिंडेर मतदान गर्नुपर्ने अवस्था देखिएको छ ।
- देशका विभिन्न भागमा राजनीतिक दलका कार्यकर्ताहरूबीचको झडपले निर्वाचनमा सहभागी हुने दलहरूबीच पनि राजनीतिक सहिष्णुताको कमी हुँदै गएको पाइएको छ ।
- विभिन्न जिल्लामा राजनीतिक दलहरूको आमसभा बिथोल्ने अभिप्रायले कार्यक्रमस्थलमा बम राख्ने गरिएको पाइएको छ ।

प.सं.

च. नं.

- चुनाव प्रसार-प्रसारको क्रममा सबैजसो मूख्य राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका तथ्यहरू फेला परेका छन् । विद्यालयहरुमा आमसभा गर्ने, निर्वाचन आयोगले तोकेको सीमाभन्दा भड्किलो प्रचार प्रसार गर्ने, तोकिएकोसंख्यामा भन्दा बढी गाडी प्रयोग गर्नेलगायतका कार्यहरू भइरहेको पाइएको छ ।

- केही जिल्लामा गाविस सचिवलगायतका निजामती कर्मचारीहरू नै राजनीतिक दलको प्रचार-प्रसारमा लागेको पाइयो भने शिक्षक संगठनले सार्वजनिक रुपमा नै राजनीतिक दलको प्रचारमा लाग्ने अभिव्यक्ति दिएको पाइएको छ । यसैगरी सञ्चारकर्मी र पर्यवेक्षकहरू पनि राजनीतिक दलको प्रचारमा लागेको पाइएको छ ।

- निर्वाचन बिथोल्ने उद्देश्यकासाथ ३३ दलीय मोर्चाले गरेको यातायात बन्द जस्ता कार्यहरूले निर्वाचनमा स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने नागरिकहरूको अधिकार कुण्ठित गरेको पाइएको छ ।

- बन्द, हडताल र बहिष्कारको पक्षमा रहेका व्यक्तिहरूलाई पक्राउ गरी २४ घण्टाभित्र पक्राउ पूर्जी दिनुपर्नेमा सो नभएको उजुरी आयोगमा प्राप्त हुन आएको छ ।

- निर्वाचनमा सुरक्षाको निम्ति खटिएका नेपाली सेना र नेपाल प्रहरीको सम्बन्धमा आयोगका टोलीहरू समक्ष उजुरी प्राप्त नभएको हुँदा सुरक्षा निकाय मानव अधिकारको सम्मानप्रति हालसम्म सचेत रहेको पाइएको छ ।

- आयोगले संविधान सभाको निर्वाचनलगायत कुनै पनि विषयमा बन्द तथा आमहड्ताल गरी नागरिकहरूको मौलिक हक हनन् हुने कार्य नगर्न तथा वार्ता र सम्वादको माध्यमबाट समस्या समाधान गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदै आएको छ ।

**विश्लेषण, निष्कर्ष तथा आग्रह**

आसन्न संविधानसभा सदस्यको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने कुराको सुनिश्चितताको लागि आयोगबाट मानव अधिकारको दृष्टिकोणबाट देशभर गरिएको निर्वाचन प्रक्रियाको अनुगमनबाट प्राप्त प्रारम्भिक तथ्यहरूले नागरिकले निर्भयतापूर्वक निर्वाचन प्रक्रियामा सहभागी हुन पाउने कुरामा थुप्रै अवरोधको सामना गर्नु परिरहेको देखिएको छ । यसमा निर्वाचन प्रक्रियामा सामेल भएका राजनीतिक दलहरूबीच भएका हिंसात्मक गतिविधि एवम् निर्वाचन बहिष्कार गर्ने दलहरूको क्रियाकलाप मूख्य कारक रहेको पाइएको छ । देशमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने प्रमुख दायित्व नेपाल सरकारको भएको र त्यसमा सहयोग गर्नु सबै राजनीतिक दल एवम् सम्बद्ध सबै पक्षको दायित्व हो । आफूले रोजेको व्यक्ति वा दललाई मतदान गर्ने वा इच्छा नलागे कसैलाई मतदान नै नगर्ने हरेक व्यक्तिको स्वतन्त्रताको अधिकार अन्तर्गतका विषयहरू हुन् । नागरिकले यी दुबै अधिकारको उपभोग गर्न पाउने वातावरण तयार गर्नु राज्यको मुख्य कर्तव्य हो । तथापि आफ्ना अधिकारहरूको उपयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्नुपर्ने कर्तव्यलाई सबै अधिकारवाहकले स्मरण गर्न जरुरी छ ।

संविधानसभा सदस्यको निर्वाचनजस्तो महत्वपूर्ण लोकतान्त्रिक प्रक्रियामा देशका सबै पक्षको सहभागिता हुनु अपरिहार्य छ । यस्तो महत्वपूर्ण विषयमा केही राजनीतिक दलहरू नै निर्वाचन प्रक्रियामा सहभागी हुन नसकी बहिष्कारको बाटोमा लाग्ने परिस्थिति पैदा हुनु मानव अधिकारको सुनिश्चितताको दृष्टिकोणबाट दुर्भाग्यपूर्ण पनि हो । निर्वाचन बहिष्कारको नाममा बन्द-हड्तालजस्ता आमनागरिकको दैनिक जीवनमा प्रतिकूल असर पार्ने कार्यक्रम अघि सार्नुले

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

संविधानसभा सदस्यको निर्वाचनमा नागरिकको निर्भय र स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने अधिकारलाई समेत प्रभावित पार्नु अवाञ्छित छ । यस्तो परिस्थितिमा वार्ता र सम्वादको वातावरण सृजना गरी संविधानसभामा सबै पक्षको सहभागितालाई प्रश्रय दिँदै राजनीतिक दलहरूबीच बढ्दै गएको हिंसात्मक र ध्वंसात्मक गतिविधि, आरोप-प्रत्यारोपका श्रृंखलाहरू तथा निषेधको राजनीतिको अन्त्य गरी सहमति एवम् सहयात्राको मार्ग पहिल्याउन आवश्यक छ ।

अतः आसन्न संविधानसभा सदस्यको निर्वाचनलाई भयरहित वातावरणमा स्वतन्त्र, निर्भय र निष्पक्षतापूर्वक सम्पन्न गरी नेपाली नगारिकको मानव अधिकार संरक्षण गर्ने कार्यमा सहयोग गर्न तथा एक अर्काप्रति आक्रमण र अवरोध गर्नेजस्ता कार्यहरू नगरी स्वच्छ राजनीतिक प्रतिस्पर्धामा सहभागी भई सम्पूर्ण नागरिकको मानव अधिकारको सम्मान गर्न आयोग सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ । निर्वाचनको क्रममा बन्द हड्ताल जस्ता कार्यक्रमहरु अधि नसारी वार्ता र संवादबाटै समास्याको समाधान खोज्न समेत आयोग सम्बद्ध पक्षसँग आग्रह गर्दछ ।

स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न शान्ति सुरक्षालाई मजबुत बनाई आपराधिक कृयाकलापमा संलग्न व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउन तथा निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताहरूलाई कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन पनि आयोग सम्बद्ध पक्षहरुलाई आग्रह गर्दछ ।

धन्यवाद !

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org